# कुशल व्यवस्थापक

# कुलमान घिसिङ



## संक्षिप्त पृष्ठभूमि

रामेछाप जिल्लाको बेथानमा २०२७ मंसिर १० मा जन्मिएका **कुलमान घिसिङ** अहिले चर्चाको शिखरमा छन् । उनको चर्चा त्यसै भने भएको होइन । बिगत लामोसमयदेखि नेपाली जनताले भोग्दै आएको लोडसेडिङको समस्यालाई उनले विद्युत् प्राधिकरणको नेतृत्व सम्हालेसँगै लोडसेडिङको अन्त्य गर्ने असाधारण समाधान निकालेर सफल प्रशासकको पहिचान बनाएका छन् ।

विद्युत् आपूर्ति र मागलाई कुशल व्यवस्थापकीय क्षमतामार्फत चमत्कार देखाएका कुलमानले Regional Institute of Technology (RIT), Jamshedpur, India बाट B.Sc. Electrical Engineering, Institute of Engineering, Pulchowk, Nepal बाट Power System Engineering मा स्नातकोत्तर तथा व्यवस्थापन विषयमा नेपालबाटै Executive MBA पनि गरेका छन् । छ दाजुभाई र तीन दिदीबहिनीमध्ये साहिँला कुलमान सानैदेखि पढ्नमा अब्बल थिए । SLC मा ८२ प्रतिशत अंक ल्याउन सफल कुलमान अमृत साइन्स क्याम्पस (अस्कल), काठमाडौंको पढाइमा पनि अब्बल विद्यार्थी नै थिए ।

नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त हुनुअघि घिसिङले चिलिमे जलविद्युत कम्पनीको प्रबन्ध निर्देशकको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरेका छन् । चिलिमेको अनुभवले उनलाई स्थानीय तहमा देखिने राजनीतिक तथा सामाजिक समस्या कसरी समाधान गर्नुपर्दो रहेछ भन्ने कुरा पनि सिकायो । साथै उनले प्राविधिक दक्षतासँगै सामाजिक र राजनीतिको पनि व्यवस्थापन गर्न सकियो भने सफल भइन्छ भन्ने आत्मविश्वास बढायो ।

नेपालमा जलविद्युत् विकासको व्यापक सम्भावना हुँदाहुँदै पनि नागरिकले चरम विद्युत् कटौती व्यहोर्नु परिरहेको थियो । हाल विद्युत् प्राधिकरणको केन्द्रीय प्रसारणमा भारतबाट आयात गरिएको विद्युत्समेत जोड्दा करिब ७५० मेगावाट मात्रै हुन्छ । तर, काठमाडौंमा विद्युत्भार कटौती भएको छैन । उपत्यका बाहिर पनि औसतमा २ देखि ४ घण्टा मात्रै लोडसेडिङ गरिएको छ । सुन्दा अचम्म लाग्छ, तर कुलमानले लोडसेडिङको अन्त्य गरेर देखाएका छन्, त्यसैले उनी चर्चित भएका हुन् ।

कुलमानको कुशल व्यवस्थापनकै कारण विद्युत् वितरण प्रणालीमा कुल चारसय मेगावाट विद्युत् अपुग भए तापनि ठूला शहरहरूमा विद्युत् आपूर्ति नियमित गरेर औद्योगिक उत्पादनलाई निरन्तरता दिन सफल भएकोमा उद्योगी तथा व्यवसायीहरू थप उत्साहित भएका छन् ।




स्मरणीय छ गत बर्ष प्राधिकरणले विद्युत् आपूर्ति कम भएको भन्दै मंसिर महिनादेखि नै दैनिक ८ घण्टा लोडसेडिङ गर्दै आएको थियो । प्राधिकरणले गत असार, साउन र भदौ महिनामासमेत विद्युत् आपूर्ति कम भएको भन्दै दैनिक ७ घण्टासम्म लोडसेडिङ गरेर उपभोक्तालाई दु:ख दिने काम गऱ्यो ।



हिजोका दिनहरूमा विद्युत् कटौतिको मार व्योहरिरहँदा सबैको मानसिकता देशमा विद्युत् कटौती कम गर्न बर्षौ लाग्छ, जुनकार्यको लागि राष्ट्रले अझ बढी मात्रामा विद्युत् उत्पादन गर्नुपर्नेछ भन्ने थियो । विद्युत् प्राधिकरणको विद्यमान संरचना एवं कार्यशैलीमा आमूल परिवर्तन हुनुपर्छ भनिन्थ्यो । तर, हप्तैपिच्छे नै लोडसेडिङको सूचना सार्वजनिक गर्ने प्राधिकरणले यसवर्ष भने विद्युत् कटौतीको कुनै सूचना सार्वजनिक नगर्ने र सकेसम्म मुलुकभर नै लोडसेडिङमुक्त गर्ने जानकारीपछि सर्वसाधारण उपभोक्ता हर्षित भएका छन् ।

विगतमा भएका प्रयासहरू केवल आंशिक र सतही मात्र होइन, वास्तविक समस्या त विद्युत् वितरणमा गरिने अनियमितता र बेइमानी रहेछ भन्ने कुरा कुलमान घिसिङले प्राधिकरणको जिम्मेवारी सम्हालेको केही दिनमै काठमाडौं उपत्यकामा विद्युत् कटौतीलाई कम गरेर देखाइदिए । उनको यो सकारात्मक कदमका साथै माग र आपूर्तिबीचको सन्तुलनलाई प्रभावकारी व्यवस्थापकीय क्षमताले सम्बोधन गर्दा देखिएको प्रतिफलबाट नागरिक हर्षित भएका छन् । र, अहिले देश अध्याँरोबाट उज्यालोतर्फ अगाडि बढेको छ ।

नेपाल विद्युत् प्राधिकरणमा मात्र होइन उनले चिलिमे हाइड्रोपावर कम्पनीको प्रमुख हुँदा पनि आफ्नो कुशल व्यवस्थापकीय क्षमता प्रर्दशन गरेका थिए । नेपाल विद्युत् प्राधिकरणले उनलाई चिलिमेको बोर्ड सदस्यमा नियुक्त गरेको थियो । पछि उनको कार्यदक्षता देखेर बोर्डले उनलाई चिलिमेको प्रबन्ध निर्देशक पदमा नियुक्त गरेको थियो ।

कुलमान घिसिङ स्थानीय नागरिकको बीचमा कतिसम्म लोकप्रिय थिए भने तीन वर्ष अगाडि नेपाल विद्युत् प्राधिकरणले घिसिङलाई चारवर्षको कार्यकालपछि फिर्ता बोलाउने निर्णयविरूद्ध स्थानीयबासीले चिलिमेको कार्यालयमा तालाबन्दीसमेत गरेका थिए । राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा समेत विभिन्न कार्यपत्र प्रस्तुत गरेका घिसिङले १६ वटा भन्दा बढी मुलुकको भ्रमण गरिसकेका छन् ।

उपरोक्त पृष्ठभूमिमा कुलमान घिसिङले छोटै समयमा विद्युत् सेवा प्रवाहमा सुधार ल्याउनका लागि देखाएको उच्चस्तरीय व्यवस्थापकीय सक्षमताको मूल्याङ्कन गरेर **GoGo Foundation** ले वहाँलाई GoGo Foundation Award, 2016 बाट सम्मानित गर्ने निर्णय गरेको छ ।

पुरस्कृत व्यक्तित्व चयनका लागि नेपाल सरकारका पूर्व मुख्यसचिव, दामोदर गौतम; उच्चस्तरिय प्रशासन सुधार, कार्यान्वयन तथा अनुगमन समितिका अध्यक्ष, काशीराज दाहाल; नेपाल सरकारका पूर्वसचिव, जीवनप्रभा लामा र GoGo Foundation का अध्यक्ष, केदार खडका सदस्यसचिव रहेको समितिले छनोट गरेको थियो । यो पुरस्कारमा विशेष सम्मानपत्र र रू ११,१११ नगदसहित GoGo Foundation Running Shield रहेको छ ।

अन्तमा, **GoGo Foundation** वहाँले शुरू गर्नुभएको "उज्यालो नेपाल" अभियानलाई सफलता मिलोस् भन्ने कामना गर्दछ ।

**सम्पर्क**:
**GoGo Foundation**
पो.ब. नं. ११२२९, फोन नं. ४२२७७०३
अनामनगर, काठमाडौं
*info@gogofoundation.org*
*www.gogofoundation.org*




कुलमानको समर्थनमा काठमाडौमा निस्किएको स्वस्फूर्त र्‍याली